भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

प्रदेश नं १ झापा नेपाल

भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड २ भद्रपुर, फागुन २३ गते, २०७५ साल, संख्या १६

**भाग २**

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको मापदण्ड सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको
# मदिरा व्यवसाय संचालन तथा विक्री वितरण मापदण्ड, २०७५

**स्वीकृत मिति २०७५/१०/२३**
**प्रमाणीकरण मिति २०७५/११/२३**

# प्रस्तावना

भद्रपुर नगरपालिका क्षेत्रमा सञ्चालन भईरहेका मदिरा र मदिराजन्य बस्तुको उत्पादन, ओसारपसार र बिक्री वितरण तथा होटल एवम् रेष्टुरेन्ट व्यवसायमा हुने कारोबारलाई व्यवस्थित गर्दै यस्ता बस्तुबाट समाजमा पर्न सक्ने दुष्प्रभावलाई न्यूनीकरण गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरी मदिराजन्य बस्तुको कारोबार र व्यवसायलाई नियन्त्रण र नियमन गर्न मापदण्ड बनाई लागू गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भद्रपुर नगरपालिकाको नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१. यस मापदण्डकाको नाम भद्रपुर नगरपालिकाको मदिरा व्यवसाय संचालन तथा विक्री वितरण मापदण्ड, २०७५ रहेको छ ।

२. यो मापदण्ड स्वीकृत भएका मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :–

(क) “मापदण्ड” भन्नाले भद्रपुर नगरपालिकाको मदिरा व्यवसाय संचालन तथा विक्री वितरण मापदण्ड, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “नगरपालिका” भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) “नगर प्रमुख” भन्नाले भद्रपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “नगर उपप्रमुख” भन्नाले भद्रपुर नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) “नगर कार्यपालिका” भन्नाले भद्रपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस मापदण्डमा तोकिएको वा नगर कार्यपालिका वा नगर सभाबाट तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## ३. स्वीकृति लिनु पर्ने

(१) भद्रपुर नगरपालिका क्षेत्रभित्र मदिरा तथा मदिराजन्य पदार्थको कारोवार गर्न आन्तरिक राजश्व कार्यालय, भद्रपुरबाट इजाजत लिनुपूर्व अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ता गरी प्रमाण पत्र लिनु पर्नेछ ।

२. मदिरा तथा मदिराजन्य कारोवार गर्न इजाजत प्राप्त व्यवसायीले अनिवार्य रुपमा नगरपालिकामा जानकारी गराउनु पर्नेछ । इजाजत लिएको भए पनि सुर्तिजन्य तथा मदिराजन्य पदार्थ वाहेक प्रचलित कानूनमा अबैध भनी उल्लेख भएका मदिराजन्य पदार्थ तथा अरु कुनै खाद्यान्न वा अन्य सामग्रीहरुको व्यवसाय गर्न पाइने छैन ।

३. यो मापदण्ड लागु हुनुपूर्व सम्वन्धित निकायबाट संचालन इजाजत लिइसकेका वा व्यवसाय संचालन भइरहेका व्यवसायीहरुको हकमा इजाजतको प्रमाणसहित नगरपालिकामा व्यवसाय दर्ताका लागि निवेदन दिनु पर्नेछ । नगरपालिकाले तोकिएको सर्त वा मापदण्डहरु तोकि व्यवसायीलाई व्यवसायिक प्रमाण पत्र जारी गर्नेछ ।

४. मदिरा तथा मदिराजन्य उत्पादन गर्न तथा बिक्री वितरण गर्न इजाजत दिने संस्थाहरुवाट नविकरण गर्नुपुर्व सम्वन्धित व्यवसायीले अनिवार्य रुपमा नगरपालिकाको सिफारिस लिनु पर्नेछ । नगरपालिकाको सिफारिस विना इजाजत दिन वा इजाजत पत्र नविकरण गर्न पाइने छैन ।

५. व्यवसायिक रुपमा घरेलु मदिरा उत्पादन गर्न र मदिराको प्लाष्टिक पोका वा पाउच तयार गरी विक्री वितरण गर्न पाइने छैन ।

तर, सम्वन्धित जाती वा सम्प्रदायको धर्म वा संस्कारको अवसरमा आवश्यक परेको बखत एक पटकमा बढीमा पाँच लिटरसम्म रक्सी तथा १० लिटरसम्म जाँड उत्पादन गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन । यस्तो उत्पादन बर्षको ५ पटक भन्दा बढी गर्न पाइने छैन ।

## ४. मदिराजन्य पदार्थ व्यवसायको बर्गीकरण

१. उत्पादन व्यवसाय

२. थोक व्यवसाय

३. खुद्रा व्यवसाय

४. होटल तथा रेष्टुरेन्ट व्यवसाय

## ५. मदिराजन्य कारोबारको मापदण्ड

१. नगरपालिका क्षेत्रभित्र दफा ३ बमोजिम मदिराजन्य कारोवार गर्ने व्यवसायीहरुले अनिवार्य रुपमा देहायको मापदण्डको पालना गरी उत्पादन, कारोवार वा व्यवसाय गर्नु पर्नेछ ।

(क) मदिराजन्य वस्तुहरुको कारोवार गर्ने व्यवसायीहरुले इजाजतप्राप्त व्यवसायवाहेक एउटै स्थलमा अन्य व्यवसायिक कारोवार गर्न पाइने छैन ।

(ख) मदिराजन्य पदार्थहरुको बिक्री वितरण गर्न अनुमति प्राप्त थोक व्यवसायीहरुले इजाजतपत्रमा उल्लेख भएवाहेकका अन्य वस्तुहरु विक्री वितरण गर्न पाउने छैन । मदिराजन्य बस्तुको विक्रेताले १८ बर्ष भन्दा कम उमेरको व्यक्तिलाई मदिरा विक्री गर्न पाउने छैन ।

(ग) सपिङ्ग कम्प्लेक्स तथा डिपार्टमेन्टल स्टोरहरुले छुट्टै विक्री कक्ष राखेर मदिराजन्य पदार्थको विक्री वितरण गर्न सक्नेछन् ।

(घ) खाद्य सामाग्रीहरुको थोक बिक्रेता, किराना पसल तथा अन्य जुनसुकै सामग्री विक्री गर्ने पसलहरुले मदिरा तथा मदिराजन्य पदार्थहरुको विक्री गर्न पाउने छैन ।

(ङ) थोक विक्रेता वा व्यवसायीले मदिराजन्य पदार्थको विक्री वितरण विहान ९:०० वजे देखि बेलुकी ७:०० वजेसम्म मात्र गर्नु पर्नेछ ।

(च) होटल तथा रेष्टुरेन्ट व्यवसायीहरुले वेलुकी ३:०० वजे देखि राती ८:०० वजे सम्म मात्र मदिरा विक्री वितरण गर्न पाउने छन् ।

(छ) मदिराजन्य पदार्थहरुको कारोवार गर्ने इजाजत प्राप्त व्यवसायीहरुले अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लेखित प्रावधानहरुको समेत पालना गर्नु पर्नेछ ।

(ज) मदिरा उत्पादक, बितरक र थोक बिक्रेताले यस मापदण्ड बमोजिम इजाजतपत्र लिएको व्यक्ति वा फर्मलाई मात्र मदिरा बिक्री बितरण गर्नुपर्नेछ ।

(झ) यस मापदण्ड बमोजिम मदिराजन्य बस्तुको कारोबार गर्ने व्यवसायीले इजाजतपत्र सवैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ञ) मदिरा व्यवसायीहरुले हाटवजार, सार्वजनिक स्थल, मेला तथा पर्वहरुमा अस्थायी रुपमा मदिरा पसल खोली बिक्री गर्न पाउने छैन ।

(ट) स्वास्थ्यमा पार्ने प्रतिकुल असर बारे सचेत गराउने जस्ता सूचना तथा सचेतनामुलक होडिङ्ग बोर्ड बाहेक मदिराजन्य बस्तुको कुनै पनि किसिमले प्रचार प्रसार गर्न वा प्रचार सामग्री राख्न पाईने छैन ।

(ठ) मदिराजन्य वस्तुहरुको कारोवार गर्ने थोक विक्रेता, खुद्र विक्रेता वा होटल तथा रेष्टुरेन्टहरु विद्यालय, क्याम्पस, अस्पताल, बैद्यशाला, सूधार गृह, सेफहाउस, मठ मन्दिर, सरकारी कार्यालय, सार्वजनिक स्थल, पुस्तकालय, बृद्धाश्रम तथा वालवच्चा केयर हाउसको परिसर भन्दा कम्तीमा एक सय मिटरको दुरीमा हुनु पर्नेछ ।

(ड) मदिरा व्यवसायी थोक विक्रेता वा होटल तथा रेष्टुरेन्टहरुले मदिरा सेवनकर्तालाइ आकर्षण गर्ने किसिमका पर्चा, वा नृत्य वा अश्लील तस्विर देखाउन वा राख्न पाउने छैन ।

(ढ) व्यवसायीले १८ बर्ष उमेर पुरा नभएको बालबालिका र गर्भवती वा सुत्केरी महिलाबाट मदिरा विक्री वितरण गर्न लगाउन पाउने छैन ।

(ण) मदिरा सेवनकर्ताहरु तथा बिक्रेताहरुले होटल वा रेष्टुरेन्टवाहेक अन्य स्थानमा मदिरा सेवन गर्न, गराउन पाउने छैन ।

(त) अन्तराष्ट्रिय सिमा क्षेत्र र नाकाको वरपर मदिराजन्य बस्तुको कारोवार गर्न पाइने छैन ।

## ६.अनुगमन तथा निर्देशक समिति

१. नगर क्षेत्रमा मदिरा तथा मदिराजन्य बस्तुको उत्पादन तथा बिक्री वितरण कार्यको नियमन तथा यस मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न नगरपालिकामा देहाय वमोजिमको अनुगमन तथा निर्देशक समिति रहने छ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) | जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (ग) | आन्तरिक राजश्व कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (घ) | जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (ङ) | सशस्त्र प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (च) | उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना | सदस्य |
| (छ) | मदिरा व्यबसायसँग सम्बन्धित बस्तुगत संघको प्रतिनिधि एकजना | सदस्य |
| (ज) | संयोजकले तोकेको नगरपालिकाको एकजना अधिकृत | सदस्य |
| (झ) | नगरपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव । |

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निर्देशक समितिको बैठकमा नगरपालिकाको पदाधिकारी वा विषयगत सरकारी निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

## ७.अनुगमन तथा निर्देशक समितिको काम,कर्तव्य, अधिकार

(१) अन्तःशुल्क ऐन, २०५८, मदिरा ऐन, २०३१, अन्तःशुल्क नियमावली, २०५९ तथा मदिरा नियमावली, २०३३ र सो अर्न्तगतका निर्देशिकाको अधिनमा रही अनुगमन तथा निर्देशक समितिले नगरक्षेत्रमा मदिराजन्य बस्तुको उत्पादन तथा बिक्री वितरण कार्यमा नियमन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नेछ ।

(२) अनुगमन तथा निर्देशक समितिले नगरक्षेत्रमा मदिराजन्य बस्तुको उत्पादन र कारोबार गर्ने व्यवसायीहरुले यस मापदण्डको अधिनमा रही कारोबार गरे नगरेको अनुगमन गर्नेछ ।

(३) अनुगमन तथा निर्देशक समितिले अनुगमन तथा नियमन गर्ने सम्बन्धमा आफ्नो कार्यविधि आफैं बनाई लागू गर्न सक्नेछ ।

(४) अनुगमन तथा निर्देशक समितिले कुनै खास प्रयोजनको लागि उप समिति वा बजार अनुगमन टोली गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम गठित वजार अनुगमन टोलीले वजार अनुगमनको क्रममा प्रचलित कानून तथा यो मापदण्ड बमोजिम मदिराजन्य बस्तुको उत्पादन तथा कारोबार गरे नगरेको अनुगमन गरी नगरेको पाईएमा सम्बन्धित व्यवसायीलाई सचेत गराउन र यस मापदण्ड अनुसार जरिवाना गर्न वा कारवाहीको लागि नगरपालिकामा सिफरिस गर्न सक्नेछ ।

## ८. वडास्तरीय अनुगमन समिति : -

(१) नगरपालिकाको प्रत्येक वडामा वडाभित्र मदिरा तथा मदिराजन्य व्यवसायको अनुगमन गर्न वडा अध्यक्षको संयोजकत्वमा कम्तिमा तीन जना महिला रहने गरी वडास्तरीय अनुगमन समिति रहनेछ ।

## ९. वडास्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार

(१) वडा भित्र रहेका मदिरा तथा मदिराजन्य व्यवसायहरु मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने ।

(२) मापदण्ड पुरा नभएका व्यवसायहरुको दर्ता तथा नविकरणका लागि सिफारिस नगर्ने ।

(३) मदिरा तथा मदिराजन्य व्यवसाय संचालन गरेका स्थानमा बालबालिका वा गर्भवती वा सुत्केरी महिलाहरु कामदारको रुपमा रहे नरहेको अनुगमन गर्ने ।

(४) व्यवसाय संचालन सम्बन्धी आवश्यक प्रमाण कागजातहरु भए नभएको अनुगमन गर्ने ।

(५) अनुगमनको क्रममा यस मापदण्ड विपरीत कार्य भए गरेको पाईएमा कारवाहीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

## १०. नियन्त्रण र कारवाही सम्बन्धी व्यवस्था

(१) मदिराजन्य बस्तुको उत्पादन, ओसारपसार र बिक्री वितरण गर्ने व्यवसायीले यस मापदण्डको पालना नगरी मापदण्डको प्रतिकुल हुने कार्य गरेमा नगरपालिकाले देहाय बमोजिमको कारवाही गर्न सक्नेछ ।

(क) नगरपालिकाबाट जारी गरिएको व्यवसाय प्रमाणपत्र खारेज गरि इजाजत पत्र खारेजीका लागि सम्वन्धित इजाजत दिने निकायमा सिफारिस गर्ने ।

(ख) मदिरा ऐन, २०३१ को दफा १३ बमोजिम सो कार्यसँग सम्वन्धित मदिरा जफत गर्ने ।

(ग) अन्तःशुल्क ऐन र नियमावलीको विपरीत हुने गरी भए गरेको कार्यमा सो ऐन र नियमावलीमा तोकिएको कार्यवाही र जरिवानाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(घ) यो मापदण्ड विपरित कार्य गर्ने व्यवसायीलाई पहिलो पटक रु. दुई हजार जरिवाना गरिनेछ । त्यसपछि गरिएको अनुगमनमा निज व्यवसायीले सुधार नगरी जरिवाना गर्नु परेमा दुई पटकसम्मको लागि दोब्बर जरिवाना गरिनेछ । त्यसपछि पनि मापदण्ड बमोजिम नगरेको पाईएमा खण्ड (क) बमोजिम कार्यवाही गरी ईजाजत पत्र खारेजीका लागि सम्वन्धित निकायमा सिफारिस गरिनेछ ।

## ११. व्याख्या

(१) यस मापदण्डको कुनै प्रावधानको व्याख्या गर्नु परेमा अन्तःशुल्क ऐन, २०५८, मदिरा ऐन, २०३१, अन्तःशुल्क नियमावली, २०५९ तथा मदिरा नियमावली, २०३३ र सो अन्तर्गत बनेका निर्देशिकामा भएको व्यवस्थालाई मानिनेछ ।

(२) यस मापदण्डको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा वा बिवाद सृजना भएमा नगर कार्यपालिका वा जिल्लास्थित आन्तरिक राजश्व कार्यालयले गरेको व्याख्या मान्य हुनेछ ।

आज्ञाले
तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत